# नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोवार गर्न इजाजतप्राप्त सहकारी संस्थालाई जारी गरिएको
# निर्देशन

नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोवार गर्न इजाजतप्राप्त सहकारी संस्थाको वित्तीय कारोवारलाई मर्यादित, सुव्यवस्थित र सुरक्षित वनाउने उद्देश्यले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ र सहकारी ऐन, २०४८ को दफा २६ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी देहायका निर्देशनहरु जारी गरिएको छः

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस निर्देशनको नाम **सीमित बैंकिङ्ग कारोवार गर्न इजाजतप्राप्त सहकारी संस्थालाई जारी गरिएको निर्देशन, २०५९** रहेको छ ।

(२) यो निर्देशन २०५९ साल श्रावण १ गतेदेखि लागू हुनेछ ।

२. परिभाषाः

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशनमा :-

(क) **"सहकारी ऐन"** भन्नाले सहकारी ऐन, २०४८ सम्झनु पर्छ ।
(ख) **"राष्ट्र बैंक"** भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।
(ग) **"संस्था"** भन्नाले सहकारी ऐन, २०४८ बमोजिम स्थापना भई राष्ट्र बैंकवाट सोही ऐनको दफा २६ को उपदफा (२) बमोजिम सीमित वैकिंङ्ग कारोवार गर्न इजाजतप्राप्त सहकारी संस्था सम्झनु पर्छ ।
(घ) **"शेयरपूँजी"** भन्नाले संस्थाले आफ्नो कार्यक्षेत्रभित्र सदस्य हुन सक्ने व्यक्तिहरु, सदस्यहरु तथा अन्य निकायहरुलाई शेयर विक्री गरी संकलन गरेको पूँजी सम्झनु पर्छ ।
(ङ) **"साधारण जगेडा"** भन्नाले सहकारी ऐनको दफा २७ को उपदफा (१) बमेजिम जगेडा कोषमा सारिएको रकम सम्झनु पर्छ ।

(च) **“निक्षेप”** भन्नाले राष्ट्र बैंकले समय-समयमा तोके बमोजिम संस्थाले आफ्ना सदस्यहरुबाट संकलन गरेको बचत तथा निश्चित अवधिपछि फिर्ता दिनेगरी स्वीकार गरेको मुद्दती निक्षेप सम्झनु पर्छ । यस शव्दले राष्ट्र बैंकबाट स्वीकृति प्राप्त गरी सदस्यहरुबाट वित्तीय उपकरणहरुमार्फत् संकलित निक्षेपलाईसमेत् जनाउंछ ।

(छ) **“सीमित बैंकिंङ्ग कारोबार”** भन्नाले संस्थाले आफ्ना सदस्यहरुभित्र मात्र सीमित रहनेगरी निक्षेप स्वीकार गर्ने, संस्थालाई मान्य हुने सुरक्षण लिई कृषि, उद्योग तथा सेवा व्यवसाय वा अन्य उत्पादनशील कार्यका लागि कर्जा प्रदान गर्ने कार्य सम्झनुपर्छ । सो शब्दले राष्ट्र बैंकले समय-समयमा तोकेका अन्य सीमित बैंकिङ्ग कारोवारलाईसमेत् जनाउंछ ।

(ज) **“एकाघर परिवारका सदस्य”** भन्नाले एउटै घरमा बसोवास गरेका तथा मानु नछुट्टिएका सम्बन्धित व्यक्तिको पति, पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बावु, आमा, दाजु, भाउजू, भाई, भाइबुहारी, दिदी, वहिनी, बाजे, बज्यै सम्झनु पर्छ ।

(झ) **“सुरक्षण”** भन्नाले संस्थाले कर्जा दिंदा धितो स्वरुप लिएको प्रचलित कानून बमोजिम मान्य हुने चल अचल सम्पत्ति सम्झनु पर्छ । सो शब्दले सदस्यले आफ्नो खातामा रहेको निक्षेप धितो राखी कर्जा लिएमा त्यस्तो निक्षेपलाईसमेत् जनाउँछ ।

(ञ) **“तोकेको वा तोके बमोजिमको”** भन्नाले यस निर्देशनको उद्देश्य कार्यान्वयन गर्न राष्ट्र बैंकले समय-समयमा परिपत्र वा निर्देशन जारी गरी तोकेको वा तोके बमोजिमको व्यवस्था सम्झनु पर्छ ।

## परिच्छेद - २
## शेयर पूँजीसम्वन्धी व्यवस्था

३. **संस्थाको शेयर पूँजी देहाय बमोजिम हुनुपर्नेछः-**

(१) महानगरपालिका रहेको जिल्लामा कार्यालय राखी त्यसै जिल्लाभित्र मात्र सीमित बैंकिङ्ग कारोबार गर्ने संस्थाको शेयर पूँजी कम्तीमा रु.१ करोड हुनुपर्नेछ ।

(२) उप-महानगरपालिका रहेको जिल्लामा कार्यालय राखी त्यसै जिल्लाभित्र मात्र सीमित बैंकिङ्ग कारोबार गर्ने संस्थाको शेयर पूँजी कम्तीमा रु.५० लाख हुनुपर्नेछ ।

(३) नगरपालिका भएको जिल्लामा कार्यालय राखी त्यसै जिल्लाभित्र मात्र सीमित बैंकिङ्ग कारोबार गर्ने संस्थाको शेयर पूँजी कम्तीमा रु.२५ लाख हुनुपर्नेछ ।

(४) उपदफा (१), (२) र (३) वाहेकका जिल्लाहरुमा कार्यालय राखी त्यसै जिल्लाभित्र मात्र सीमित बैंकिङ्ग कारोबार गर्ने संस्थाको शेयर पूँजी कम्तीमा रु.१० लाख हुनुपर्नेछ ।

(५) राष्ट्र बैंकले समय समयमा संस्थाको शेयर पूँजी हेरफेर गर्न निर्देशन दिन सक्नेछ ।

४. <u>कारोबारलाई भौगोलिक कार्यक्षेत्रभित्र ल्याउनुपर्ने:</u>

(१) एक जिल्लाभन्दा बढी जिल्लामा कारोबार गरिरहेको संस्थाले आर्थिक वर्ष २०६१।०६२ भित्र दफा ३ को उपदफा (१), (२), (३) र (४) बमोजिम आफ्नो कारोबारलाई एक जिल्लाभित्र मात्र सीमित गर्नु पर्नेछ ।

(२) दफा ३ को उपदफा (१), (२), (३) र (४) बमोजिम न्यूनतम शेयरपूँजी नभएको संस्थाले आर्थिक वर्ष २०६०।०६१ देखि वार्षिक न्यूनतम २० प्रतिशतका दरले बढाई आगामी ५ वर्ष अर्थात् आ. व. २०६४।०६५ सम्म दफा ३ बमोजिमको न्यूनतम शेयर पूँजी पुऱ्याउनु पर्नेछ ।

# परिच्छेद - ३
# <u>पूँजीकोषसम्वन्धी व्यवस्था</u>

५. <u>पूँजीकोषसम्बन्धी व्यवस्था:</u>

सदस्य निक्षेपकर्ताहरुको हितलाई ध्यानमा राखी संस्थाले गर्ने बैंकिङ्ग कारोबारलाई स्वस्थ, स्वच्छ र सुरक्षित वनाउन संस्थाले जोखिम भारित सम्पत्तिको आधारमा देहाय बमोजिम न्यूनतम पूँजीकोष कायम गर्नुपर्नेछ:-

| समय तालिका | जोखिम भारीत सम्पत्तिको आधारमा कायम गर्नुपर्ने न्यूनतम पूंजीकोष (प्रतिशतमा) | |
|---|---|---|
| | प्राथमिक पूंजी | पूंजीकोष |
| आ.व. २०५९।६० | ४.५ | ९.० |
| आ.व.२०६०।६१ देखि | ५.० | १०.० |

६. <u>पूंजीकोषको वर्गीकरण:</u>

संस्थाको पूंजीकोषलाई प्राथमिक पूँजी (Core Capital) र पूरक पूँजी (Supplementary Capital) गरी २ भागमा बर्गीकरण गरिएको छ:-

(१) <u>प्राथमिक पूँजी (**Core Capital**)</u>

यस अन्तरगत देहायका शीर्षकमा रहेका रकमहरु समावेश हुनेछन् :

(क) शेयर पूँजी (Share Capital)
(ख) साधारण जगेडा (General Reserve)

(ग) संचित नाफा/नोक्सान (Retained Earnings)/Loss)

(२) <u>पूरक पूँजी (**Supplementary Capital**)</u>

**यस अन्तर्गत देहायका शीर्षकमा रहेका रकमहरु समावेश हुनेछन् :**

(क) असल कर्जाको लागि गरिएको कर्जा नोक्सानी व्यवस्था (Loan Loss Provision for Good or Pass Loan),
तर,कमसल र शंकास्पद कर्जामा कायम गरिएको कर्जा नोक्सानी व्यवस्थालाई समेत देहाय बमोजिमको समय तालिका अनुसार पुरक पूँजीमा समावेश गर्न पाउने गरी छुट दिइएको छ:

| **समय तालिका** | **पूरकपूँजीमा गणना गर्नसकिने कर्जा नोक्सानी व्यवस्था** |
|---|---|
| आ. व. २०५९।०६० को लागि | असल, कमसल र शंकास्पद |
| आ. व. २०६०।०६१ को लागि | असल र कमसल |
| आ. व. २०६१।०६२ देखि | असल |

(ख) सम्पत्ति पुनर्मूल्याँकन जगेडा (Assets Revaluation Reserves),
(ग) स्वतन्त्र जगेडाहरु ( Free Reserves)

<u>स्पष्टीकरण:</u>

(१) यस निर्देशनको प्रयोजनकोलागि **पूँजीकोष** भन्नाले प्राथमिक पूँजी र पूरक पूँजीको योगलाई सम्झनु पर्छ ।

(२) पूँजीकोष गणना गर्दा प्राथमिक पूँजीको बढीमा शतप्रतिशतसम्म मात्र पूरक पूँजी समावेश गर्न पाइनेछ ।

(३) प्राथमिक पूँजी गणना गर्दा संचित नोक्सानी रकम घटाउनु पर्नेछ ।

(४) पूरक पूँजी गणना गर्दा सम्पत्ति पुनर्मूल्याङ्कन जगेडामा रहेको रकमसमेत् समावेश गरी निस्किएको कुल पूरक पूँजीको २ प्रतिशतमा नबढ्ने गरी मात्र सम्पत्ति पुनर्मूल्याङ्कन जगेडा वापतको रकम राख्नु पर्नेछ ।

(५) **स्वतन्त्र जगेडा** भन्नाले कुनै निश्चित प्रयोजनको लागि भनेर किटान नगरिएका स्वतन्त्र रुपमा रहने गरी राखिएको जगेडा सम्झनु पर्छ ।

## ७. <u>जोखिम भारित सम्पत्ति ( **Risk Weighted Assets**):</u>

पूँजीकोष गणना गर्ने प्रयोजनको लागि जोखिम सम्पत्तिलाई निम्न बमोजिम भार (Weightage) प्रदान गरिएको छ । जोखिम भारित संपत्तिको गणना गर्दा संस्थाको

वासलातको संपत्तितर्फको रकमलाई देहाय बमोजिमको भार अंकले गुणन गरी योग निकाल्नु पर्नेछ :

| सम्पत्तिहरु | जोखिमभार |
|---|---|
| (१) नगद मौज्दात<br>(२) राष्ट्र बैंकमा रहेको मौज्दात<br>(३) सरकारी ऋणपत्रमा गरेको लगानी<br>(४) राष्ट्र बैंक ऋणपत्रमा गरेको लगानी | ०.० |
| (५) वाणिज्य बैंकमा रहेको मौज्दात<br>(६) राष्ट्र बैंकवाट इजाजतप्राप्त वित्तीय संस्थामा रहेको मौज्दात | ०.२० |
| (७) शेयर तथा डिवेन्चरमा गरेको लगानी<br>(८) अन्य लगानीहरु<br>(९) कर्जा तथा सापट<br>(१०) स्थिर सम्पत्ति<br>(११) अन्य सम्पत्ति | १.०० |

८. <u>जोखिम भारित सम्पत्तिमा आधारित पूंजीकोष अनुपात: (**Risk Based Capital Fund Ratio**):</u>

यस अनुपातले जोखिम भारित सम्पत्तिमा आधारित पुंजीकोष मापन गर्दछ । यसको गणना निम्न बमोजिम गर्नुपर्नेछ:-

$$\text{पूंजीकोष अनुपात:} = \frac{\text{प्राथमिक पूंजी} + \text{पूरक पूंजी}}{\text{जोखिम भारित सम्पत्तिको योग}} \times १००$$

९. <u>पूंजीकोषको अनुगमन:</u>

पूंजीकोषको अनुगमन पछिल्लो आर्थिक बर्षको अन्तिम लेखापरीक्षण भएको वासलात तथा नाफा/नोक्सान हिसावको आधारमा गरिनेछ ।

१०. <u>पूंजीकोषसम्बन्धी विवरण पठाउनुपर्ने:</u>

संस्थाले प्रत्येक आर्थिक बर्षको आषाढ र पौष मसान्तको वित्तीय स्थितिको आधारमा अनुसूची ३.१ र ३.२ अनुसार पूंजीकोषसम्बन्धी विवरण तयार गरी क्रमश: श्रावण र माघ मसान्तभित्र गैर-बैंक व्यवस्था विभाग र गैर-बैंक निरीक्षण तथा सुपरिवेक्षण विभागमा पठाउनु पर्नेछ ।

## ११. नपुग पूँजीकोष पूरा गर्नुपर्ने अवधि:

अघिल्लो आर्थिक बर्षमा नपुग न्यूनतम पूँजीकोष चालू आर्थिक बर्षभित्र पुरा गर्नुपर्नेछ । न्यूनतम पूँजीकोष पुरा नगरेसम्म संस्थाले लाभाँश घोषणा गर्न तथा बितरण गर्न पाउनेछैन । नपुग पूँजीकोष निम्नानुसार पुरा गर्न सकिनेछ:

(क) आफ्ना सदस्यहरुबाट थप शेयर पूँजी उठाएर,
(ख) नयाँ सदस्य बनाई शेयर पूँजी उठाएर,
(ग) खूद मुनाफामध्येबाट साधारण जगेडाकोषमा रकम सारेर,
(घ) खूद मुनाफामध्येबाट संचित नाफा (Retained Earnings) को रुपमा वासलातमा रकम सारेर, र/वा
(ङ) सम्पत्तिको पुनर्वाँडफाँड (Reallocation) गरेर ।

## १२. साधारण जगेडा कोष:

संस्थाले एउटा छुट्टै साधारण जगेडा कोष खडा गर्नुपर्नेछ । उक्त कोषमा प्रत्येक बर्ष खूद मुनाफाबाट कम्तीमा २५ प्रतिशत रकम थप गर्दै जानुपर्नेछ । संस्थाले राष्ट्र बैंकको स्वीकृति नलिई साधारण जगेडा कोषमा जम्मा भएको रकम झिक्न वा खर्च गर्न पाउनेछैन ।

## १३. पूँजीकोषसम्बन्धी निर्देशनको पालना नगरेमा हुने कारवाही:

संस्थाले तोकिएको समयावधिभित्र तोकिए बमोजिमको न्यूनतम पूंजीकोष कायम नगरेमा राष्ट्र बैंकले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९९ वा १०० मा उल्लिखित कुनै पनि कारवाही गर्न सक्नेछ ।

## अनुसूची-३.१

## .............सहकारी संस्था लि.

## पूँजीकोष र पूँजीकोष पर्याप्तता अनुपात तालिका

## (२०....../ आषाढ / पौषमसान्त)

### १. पूँजीकोष

*(रु.हजारमा)*

| विवरण | चालू अर्धवर्ष | गत अर्धवर्ष |
|---|---|---|
| (क) **प्राथमिक पूँजी**<br>(१) शेयर पूँजी<br>(२) साधारण जगेडा कोष<br>(३) सञ्चित नाफा/नोक्सान | | |
| (ख) **पूरक पूँजी**<br>(१) कर्जा नोक्सानी व्यवस्था<br>(२) सम्पत्ति पुनर्मूल्याङ्कन जगेडा<br>(३) स्वतन्त्र जगेडा | | |
| (ग) पूँजीकोष (क+ख) | | |

### २. पूँजीकोष पर्याप्तता अनुपात

| विवरण | चालू अर्धवर्ष | गत अर्धवर्ष |
|---|---|---|
| जोखिम भारित सम्पत्तिको आधारमा कायम गर्नुपर्ने न्यूनतम पूँजीकोष<br>पूँजीकोष ( .......प्रतिशत)<br>प्राथमिक पूँजी ( .......प्रतिशत) | | |
| पूँजीकोष (अधिक/न्यून) ( .......प्रतिशत)<br>प्राथमिक पूँजी(अधिक/न्यून) ( ......प्रतिशत) | | |

मिति

अधिकृतको दस्तखत

# अनुसूची-३.२
# ................सहकारी संस्था लि.

## जोखिम भारित सम्पत्ति विवरण तालिका
## (२०..../ आषाढ / पौषमसान्त)

*(रु.हजारमा)*

| सम्पत्तिको विवरण | भार | चालु अर्धवर्ष | | गत अर्धवर्ष | |
|---|---|---|---|---|---|
| | | रकम | जोखिम भारित सम्पत्ति | रकम | जोखिम भारित सम्पत्ति |
| (१) नगद मौज्दात | ०.०० | | | | |
| (२) राष्ट्र बैंकमा रहेको मौज्दात | ०.०० | | | | |
| (३) सरकारी ऋणपत्रमा गरेको लगानी | ०.०० | | | | |
| (४) नेपाल राष्ट्र बैंक ऋणपत्रमा गरेको लगानी | ०.०० | | | | |
| (५) वाणिज्य बैंकहरुमा रहेको मौज्दात | ०.२० | | | | |
| (६) नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त अन्य वित्तीय संस्थाहरुमा रहेको मौज्दात | ०.२० | | | | |
| (७) शेयर तथा डिबेञ्चरमा गरेको लगानी | १.०० | | | | |
| (८) अन्य लगानी | १.०० | | | | |
| (९) कर्जा तथा सापट | १.०० | | | | |
| (१०) स्थिर सम्पत्ति | १.०० | | | | |
| (११) अन्य सम्पत्ति | १.०० | | | | |
| कुल जोखिमभारित सम्पत्ति | | | | | |

द्रष्टव्य :

जोखिम भारित सम्पत्तिको गणना गर्दा वासलातमा उल्लेखित सम्पत्तिको रकमलाई भार दिइएको अंकले गुणन गरी कुल योग निकाल्नु पर्दछ ।

**मिति** **अधिकृतको दस्तखत**

## परिच्छेद - ४
## वित्तीय साधन संकलनसम्बन्धी व्यवस्था

### १४. वित्तीय साधन संकलनसम्बन्धी व्यवस्था:

(१) संस्थाले आफ्ना शेयर सदस्यबाट निक्षेप र सापटी गरी आफ्नो प्राथमिक पूंजीको बढीमा १० गुणासम्म वित्तीय साधन संकलन गर्न सक्नेछ । संस्थाले संकलन गर्ने निक्षेप अन्तर्गत वचत निक्षेप र वढीमा ३ वर्षसम्म भुक्तानी अबधि भएको मुद्दती निक्षेप समावेश हुनेछ । संस्थाले बचत र मुद्दती निक्षेप संकलनसम्बन्धी कार्यविधि बनाई लागू गर्नुपर्नेछ र सोको जानाकारी यस बैंकको गैर-बैंक व्यवस्था विभाग र गैर- बैंक निरीक्षण तथा सुपरिवेक्षण विभागलाई यो निर्देशन लागू भएको मितिले एक महिनाभित्र अनिवार्य रुपमा गराउनु पर्नेछ ।

(२) उपदफा (१) मा उल्लिखित सीमाभन्दा बढी वित्तीय साधन संकलन गरेमा बढी भएजति रकम राष्ट्र बैंकमा निर्ब्याजी जम्मा गर्नुपर्नेछ । वित्तीय साधन निर्धारित सीमाभित्र आएपछि राष्ट्र बैंकको स्वीकृति लिएर मात्र जम्मा गरेको रकम झिक्न पाइनेछ ।

## परिच्छेद - ५
## अनिवार्य मौज्दात तथा तरलसम्पत्तिसम्बन्धी व्यवस्था

### १५. अनिवार्य मौज्दात व्यवस्था:

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ४६ बमोजिम संस्थाले कुल निक्षेप तथा सापटी कोषको कम्तीमा १ प्रतिशत अनिवार्य मौज्दातको रुपमा राष्ट्र बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

### १६. तरलसम्पत्तिसम्बन्धी व्यवस्था:

(१) संस्थाले कुल निक्षेप दायित्वको कम्तीमा ७ प्रतिशत तरलसम्पत्तिको रुपमा राख्नु पर्नेछ । तरलसम्पत्ति अन्तरगत देहाय बमोजिमको सम्पत्ति समावेश हुनेछ :

(क) आफ्नो ढुकुटीमा रहेको नगद मौज्दात,
(ख) वाणिज्य बैंकको चल्ती खातामा रहेको मौज्दात,
(ग) सरकारी ऋणपत्रमा गरेको लगानी,
(घ) राष्ट्र बैंक ऋणपत्रमा गरेको लगानी,

(ङ) राष्ट्र बैंकबाट स्वीकृति प्राप्त बैंक तथा वित्तीय संस्थाहरुमा निक्षेपको रुपमा राखेको मौज्दात ।

तर, एक संस्थाले अर्को संस्थामा राखेको मौजदातलाई तरलसम्पत्तिमा गणना गरिने छैन ।

(२) मुद्दती निक्षेपको हकमा बढीमा ९० प्रतिशत्सम्म मात्र तरलसम्पत्तिमा गणना गर्नुपर्नेछ ।

(३) कम्पनीले कायम राख्नुपर्ने न्यूनतम ७ (सात) प्रतिशत तरलसम्पत्तिमध्ये कम्तीमा २ (दुई) प्रतिशत तरलसम्पत्ति आफ्नो ढुकुटीमा वा कुनै वाणिज्य बैंकको चल्ती खातामा जम्मा गर्नुपर्नेछ ।

१७. <u>अनिवार्य मौज्दात र तरलसम्पत्तिको गणना</u>

(१) दफा १५ बमोजिमको अनिवार्य मौज्दात र दफा १६ बमोजिमको तरलसम्पत्तिको गणना दैनिक औषतको आधारमा साप्ताहिक रुपमा गरिनेछ ।

(२) संस्थाले अनुचूची ५ बमोजिम प्रत्येकहप्ता अनिवार्य मौज्दात र तरलसम्पत्तिसम्बन्धी विवरण हप्ता वितेको ३ दिनभित्र गैर बैंक निरीक्षण तथा सुपरिवेक्षण विभागमा पेश गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम अनिवार्य मौज्दात र तरल सम्पत्तिको गणना गर्दा मुद्दति निक्षेप वा सरकारी ऋणपत्र तथा राष्ट्र बैंक ऋणपत्र धितोमा राखी ऋण लिएको भए ऋण लिए बराबरको रकम घटाउनु पर्नेछ ।

१८. <u>अनिवार्य मौज्दात र तरलसम्पत्ति कायम नराखेमा हुने कारवाही:</u>

(१) दफा १५ बमोजिम राष्ट्र बैंकमा जम्मा गर्नुपर्ने अनिवार्य मौज्दात जम्मा नगरेमा वा कम जम्मा गरेमा कम भएजति रकममा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ४७ बमोजिम जरिवाना गरिनेछ । यस्तो जरिवाना प्रत्येक आर्थिक वर्षमा देहाय बमोजिम हुनेछ :

(क) पहिलो पटकको लागि कम भएजति रकममा राष्ट्र बैंकले तोकेको अधिकतम बैंकदरले गणना गर्दा हुन आउने रकम,

(ख) दोश्रो पटक पनि अनिवार्य मौज्दात जम्मा नगरेमा वा कम रकम जम्मा गरेमा सो रकममा बैंकदरको २ गुणाले गणना गर्दा हुन आउने रकम,

(ग) तेश्रो पटक वा सोभन्दा बढी अनिवार्य मौज्दात जम्मा नगरेमा वा कम जम्मा गरेमा कम भएजति रकममा बैंकदरको ३ गुणाले गणना गर्दा हुन आउने रकम ।

(२) दफा १६ बमोजिम कायम राख्नुपर्ने तरलसम्पत्ति कायम नराखेमा वा कम राखेमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९९ वा दफा १०० मा उल्लिखित कुनैपनि कारवाही गर्न सकिनेछ ।

# अनुसूची ५

## ................ सहकारी संस्था लि.

## अनिवार्य मौज्दात तथा तरलसम्पत्तिसम्बन्धी विवरण

## (साप्ताहिक)

२०......साल.....महिना .....गतेदेखि २० ...साल ......महिना .....गतेसम्म

*(रु.हजारमा)*

| क्र.सं. | विवरण | आइतवार | सोमवार | मंगलवार | बुधवार | विहीवार | शुक्रवार | जम्मा | औषत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | कुल निक्षेप तथा सापटी कोष | | | | | | | | |
| १.१ | राष्ट्र बैंकमा राख्नुपर्ने अनिवार्य मौज्दात | | | | | | | | |
| २.<br>२.१<br>२.२<br><br>२.३<br>२.४<br>२.५ | कुल तरल सम्पत्ति<br>ढुकटीमा रहेको नगद मौज्दात,<br>वाणिज्य बैंकको चल्ती खातामा रहेको मौज्दात,<br>सरकारी ऋणपत्रमा लगानी,<br>राष्ट्र बैंक ऋणपत्रमा लगानी,<br>राष्ट्र बैंकबाट स्वीकृति प्राप्त बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | | | | | | | | |
| ३.ऋणपत्र तथा मुद्दती निक्षेपको रसिद धितोमा राखी कर्जा लिएको रकम (−) | | | | | | | | | |
| ४. कुल तरल सम्पत्ति | | | | | | | | | |

मिति

कार्यकारी प्रमुख

# परिच्छेद – ६
## संस्थागत सुशासनसम्वन्धी व्यवस्था

१९. सञ्चालकहरुको योग्यतासम्वन्धी व्यवस्थाः-

(१) संस्थाको सञ्चालक समितिमा एकाघरको परिवारबाट एक जनामात्र संचालक निर्वाचित वा नियुक्त हुन सक्नेछ ।

(२) महानगरपालिका/उप-महानगरपालिका भएका जिल्लामा कारोवार गर्ने संस्थाको कुल सञ्चालकहरुमध्ये कम्तीमा ५० प्रतिशत संचालक स्नातक तह वा सोसरह उत्तीर्ण भएको हुनुपर्नेछ । साथै कम्तीमा २ जना संचालकको बैंक तथा वित्तीय संस्थामा कम्तीमा ३ वर्षको अधिकृतस्तरको कार्य अनुभव हुनुपर्नेछ ।

(३) नगरपालिका भएका जिल्लामा कारोवार गर्ने संस्थाको कुल सञ्चालकहरुमध्ये कम्तीमा ३ जना स्नातक तह उत्तीर्ण भएको हुनुपर्नेछ ।

(४) अन्य जिल्लामा कारोबार गर्ने संस्थाको सञ्चालकहरुमध्ये कम्तीमा २ जना स्नातक तह उत्तीर्ण भएको हुनुपर्नेछ ।

(५) सञ्चालक समितिमा नियुक्तिको लागि बैंक तथा वित्तीय संस्थाबाट कालो सूचीमा नपरेको वा कालो सूचीमा परेको भएमा कालो सूचीबाट फुकुवा भएको मितिले ५ वर्ष पूरा भएको हुनुपर्नेछ ।

(६) कालो सूचीमा परेको व्यक्ति संचालक पदमा बहाल रहन पाउने छैन ।

(७) संस्थाबाट कर्जा लिएको व्यक्ति कर्जा चुक्ता नगरेसम्म संस्थाको संचालक पदमा मनोनित वा निर्वचित हुन पाउनेछैन ।

(८) संस्थाले उपदफा (१), (२), (३), (४), (५), (६) र (७) मा उल्लेख भए बमोजिम नभएको संचालक समितिलाई यो निर्देशन लागू भएको मितिले १ वर्षभित्र निर्देशन अनुरुप गर्नुपर्नेछ ।

२०. सञ्चालक समितिको कर्तव्य र उत्तरदायित्व:

(१) संस्थाको सञ्चालक समितिको बैठक सहकारी ऐन, २०४८ मा व्यवस्था भए अनुसार नियमित रुपमा बस्नुपर्नेछ र सञ्चालक समितिको बैठकमा ऐनमा भएको प्रावधान

अनुसार प्रस्तुत विषयसूचीमा छलफल गरी निर्णय लिनुपर्नेछ र सोको अभिलेख राख्नु पर्नेछ ।

(२) संस्थाको सञ्चालक समितिका सम्पूर्ण सदस्यहरु प्रचलित कानून र यस बैंकबाट जारी भएका नीति निर्देशन तथा शर्तहरुका सम्बन्धमा पूर्ण जानकार हुनुपर्नेछ । साथै, सञ्चालकहरुले संस्थाबाट त्यस्ता कानून र नीति निर्देशन पालना भए नभएको वारेमासमेत् नियमितरुपमा अनुगमन गर्नुपर्नेछ ।

(३) संस्थाको संचालक समितिले संस्थाको कर्मचारी नियमावली, निक्षेप संकलन नीति, कर्जानीति निर्देशिका र आन्तरिक नियन्त्रण प्रणाली वनाई लागू गर्नुपर्नेछ ।

(४) संस्थाको सञ्चालक समितिले वा कुनैपनि सञ्चालकले सदस्य निक्षेपकर्ताको हित विपरीत कार्य गरेको अवस्थामा वा यस बैंकले माग गरेका कागजात उपलब्ध नगराएको अवस्थामा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को उपदफा (२) बमोजिम त्यस्ता संस्थाका सञ्चालक समिति वा सञ्चालकलाई कारवाही गरिनेछ ।

## २१. सञ्चालकले पालना गर्नुपर्ने आचरण सम्वन्धीव्यवस्था

**(१) संस्थाको हित विपरीतका क्रियाकलापहरुमा संलग्न हुन नहुने :**

संस्थाको संचालक प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संस्थाको हित विपरीत हुने कुनै पनि किसिमका क्रियाकलापहरुमा संलग्न हुनुहुँदैन ।

**(२) पदको दुरुपयोग गर्न नहुने :**

संस्थाको सञ्चालकले आफ्नो पदको दुरुपयोग गरी कुनैपनि किसिमको व्यक्तिगत फाइदा हुने क्रियाकलापहरुमा संलग्न हुनु हुँदैन ।

**(३) लिखित रुपमा जानकारी दिनुपर्ने :**

संस्थाले माथि लेखिए बमोजिमको आचरणसम्बन्धी व्यवस्था स्वीकार गरेको विषयमा तथा आवश्यक भएमा आफ्नो आन्तरिक कार्य प्रणालीको लागि थप आचरणसम्बन्धी व्यवस्था तयार गरी गैर-बैंक व्यवस्था विभाग र गैर-बैंक निरीक्षण तथा सुपरिवेक्षण विभागलाई यो निर्देशन लागू भएको मितिले ३ महिनाभित्रमा लिखित रुपमा जानकारी दिनुपर्नेछ ।

## २२. कार्यकारी प्रमुखको नियुक्तिसम्बन्धी व्यवस्था

(१) संस्थाको कार्यकारी प्रमुखको रुपमा नियुक्तहुने व्यक्तिमा देहायमा उल्लेखित योग्यता हुनुपर्नेछ :-

(क) अर्थशास्त्र वा वाणिज्यशास्त्र वा संस्थालाई उपयुक्त हुने अन्य विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको ।

(ख) राष्ट्र बैंकबाट इजाजतप्राप्त बैंक वा वित्तीय संस्थामा कम्तीमा दुई वर्ष अधिकृत तहको कार्य अनुभव भएको ।

(ग) संस्थाको दैनिक कार्य सम्पादनमा अभ्यस्त हुनुका साथै संस्थाभित्र आन्तरिक नियन्त्रण र प्रचलित कानून तथा राष्ट्र बैंकका निर्देशनहरुलाई पालना गर्न गराउन सक्षम ।

(घ) संस्थामा पूर्णकालीन सेवा प्रदान गर्नसक्ने ।

(ङ) टाट पल्टेको, बेइमानी वा जालसाजी वा फौजदारी कसूरमा सजाय नपाएको ।

(च) विगतमा राष्ट्र बैंकबाट वा राष्ट्र बैंकबाट इजाजतप्रप्त बैंक वा वित्तीय संस्थाबाट निलम्बन वा कारवाहीमा परेको वा यस बैंक वा अन्य सरकारी निकायबाट भएको अनुसन्धानबाट शंकास्पद कारोबारमा संलग्न भनी किटान गरी निलम्वन वा कारवाहीमा परेको हुननहुने । निलम्बनमा परेको भए निलम्बनबाट सफाई पाएको हुनुपर्ने ।

(छ) कालोसूचीमा समावेश नभएको वा कालोसूचीमा समावेश भएकोमा त्यस्तो सूचीवाट फुकुवा भएको पाँच वर्ष पुरा भएको ।

(२) संस्थाले कार्यकारी प्रमुखको नियुक्ति गरी सोको जानकारी अनिवार्यरुपमा गैर-बैंक व्यवस्था विभाग र गैर-बैंक निरीक्षण तथा सुपरिवेक्षण विभागलाई अविलम्व दिनु पर्नेछ । साथै संचालक समितिमा हेरफेर भएको अवस्थामासमेत् उल्लिखित दुवै विभागलाई जानकारी दिनुपर्नेछ ।

(३) संस्थाले यस निर्देशनको परिधिभन्दा बाहिर रही कार्यकारी प्रमुखको नियुक्ती गरेको भएमा यो निर्देशन लागू भएको मितिले एक वर्षभित्र संस्थाको कार्यकारी प्रमुखलाई यस निर्देशनको दायराभित्र ल्याउनु पर्नेछ ।

## २३. कार्यकारी प्रमुख तथा अन्य कर्मचारीले पालना गर्नुपर्ने आचरणसम्बन्धी व्यवस्था

(१) **संस्थाको हित विपरीतका क्रियाकलापहरुमा संलग्न हुन नहुने :**

(क) प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संस्थाको हित विपरीत हुने कुनैपनि किसिमको क्रियाकलापमा संलग्न हुनुहुँदैन ।

(ख) आफू आवद्ध भएको संस्थाको व्यवसायमा संलग्न हुनुको अतिरिक्त पूर्णकालीन रुपमा अन्य कुनै व्यवसाय संचालन गरेमा त्यसलाई पनि संस्थाको हित विपरीतको गतिविधिको रुपमा लिइनेछ ।

(२) **आंशिक रुपमा काम गर्न स्वीकृति लिनुपर्ने :**

कर्मचारीले आफू कार्यरत रहेको संस्थाबाहेक अन्य संस्था वा वित्तीय संस्थामा आंशिक (part time) रुपमा काम गर्न वा अन्य व्यावसायिक गतिविधिमा संलग्न हुनुभन्दा पहिले संस्थाको व्यवस्थापनबाट लिखित स्वीकृति लिनु पर्नेछ । संस्थाको हितमा प्रतिकूल असर नपर्ने भएमा मात्र संस्थाले निजलाई आंशिक काम गर्न लिखित स्वीकृति दिनसक्नेछ ।

(३) **पदको दुरुपयोग गर्न नहुने :**

कर्मचारीले आफ्नो पदको दुरुपयोग गरी कुनै पनि किसिमको व्यक्तिगत फाइदा हुने क्रियाकलापमा संलग्न हुनु हुँदैन ।

(४) **आचरण पालना गराउनु पर्ने :**

(क) कार्यकारी प्रमुखले आफू मातहतका कर्मचारीलाई आचरणको विषयमा निर्देशन दिने र जानकारी लिने उत्तरदायित्व वहन गर्नुपर्नेछ ।

(ख) कुनै कर्मचारीले आचरण वा नियम उल्लंघन गरेमा संस्थाको स्वीकृत **कर्मचारी नियमावली** अनुसार कारवाही गर्नुपर्नेछ र सोको अभिलेख (Record) सुरक्षित राख्नु पर्नेछ ।

(ग) खण्ड (ख) बमोजिमको अभिलेख निरीक्षणको क्रममा नेपाल राष्ट्र बैंकलाइ उपलब्ध गराउनु पर्नेछ ।

(५) **सूचनाको दुरुपयोग गर्न नहुने :**

कर्मचारीहरुले संस्थाको कारोबारको सिलसिलामा प्राप्त कुनै पनि सूचना अनाधिकृत व्यक्तिलाई दिन वा दुरुपयोग गर्न हुँदैन ।

(६) **अभिलेख र कारोबार दुरुस्त हुनुपर्ने :**

संस्थाको लेखासम्बन्धी अभिलेख र प्रतिवेदन पूर्ण एवम् दुरुस्त हुनु पर्दछ । कर्मचारीले अनाधिकृत रुपमा कम्पनीको लेखा, अभिलेख र कागजातमा व्यक्तिगत रुपमा थपघट गर्नु हुँदैन ।

(७) **लिखित रुपमा जानकारी दिनुपर्ने :**

संस्थाले माथि लेखिए बमोजिमको कर्मचारीसम्बन्धी आचरण व्यवस्था स्वीकार गरेको विषयमा तथा आवश्यक भएमा आफ्नो आन्तरिक कार्य प्रणालीको लागि थप आचारणसम्बन्धी व्यवस्था तयार गरी सो विषयमासमेत् गैर-बैंक व्यवस्था विभाग र गैर-बैंक निरीक्षण तथा सुपरिवेक्षण विभागलाई यो निर्देशन लागू भएको मितिले ३ महिनाभित्र लिखित रुपमा जानकारी दिनु पर्नेछ ।

(८) **आचरणसम्बन्धी व्यवस्था पालना गर्नुपर्ने :**

संस्थाका कर्मचारीले यो निर्देशन लागू भएको मितिदेखि यस आचरण व्यवस्थामा तोकिएका आचरणहरुको अनिवार्य रुपमा पालना गर्नुपर्नेछ । कुनै कर्मचारीले उक्त आचरणहरुको पालना नगरेमा सो पालना नगरेको विवरण र निजमाथि गरिएको कारवाई एवं आचरण व्यवस्था पालना भइरहेको अवस्थामासमेत् सोसम्बन्धी विवरण अर्धवार्षिक रुपमा गैर-बैक व्यवस्था विभाग र गैर-बैंक निरीक्षण तथा सुपरिवेक्षण विभागमा प्रत्येक अर्धवार्षिक अवधि समाप्त भएको १ महिनाभित्र लिखितरुपमा जानकारी गराउनु पर्नेछ ।

## २४. संचालकलाई कर्जा दिनमा वन्देज

संस्थाको संचालक, निजको एकाघरका परिवार वा निजहरुले संचालन गरेको फर्म वा कम्पनीलाई संस्थाबाट कर्जा तथा सापट प्रदान गर्न पाइनेछैन ।

## २५. लेखापरीक्षण तथा साधारणसभासम्बन्धी व्यवस्था

(१) संस्थाले आफ्नो लेखापरीक्षण कम्तीमा “ख” वर्गको रजिष्टर्ड लेखापरीक्षकबाट प्रचलित **लेखापरीक्षणको सामान्य सिद्धान्त** अनुसार गराउनु पर्नेछ । लेखापरीक्षकको नियुक्ति प्रचलित नेपाल कानूनको रीत पु-याई साधारणसभाद्वारा गर्नुपर्नेछ र त्यसरी नियुक्ती गरेको लेखापरीक्षकको व्यक्तिगत विवरण र कार्य अनुभवसहित निजले प्राप्तगरेको लेखापरीक्षण अनमुतिपत्रको प्रमाणित प्रतिलिपी गैर-बैंक व्यवस्था विभागमा पेश गर्नुपर्नेछ । एउटै लेखापरीक्षकलाई लगातार ३ पटकभन्दा बढी नियुक्ति गर्न पाइनेछैन ।

(२) संस्थाले वार्षिक साधारणसभा वा विशेष साधारणसभा वस्ने स्थान र मिति सम्वन्धी जानकारी गैर-बैंक व्यवस्था विभागलाई र गैर-बैंक निरीक्षण तथा सुपरिवेक्षण विभागलाई कम्तीमा १५ दिन अगावै दिनुपर्नेछ । सभाले गरेका निर्णयको सम्वन्धमा सभा बसेको १५ दिनभित्रमा उल्लिखित विभागहरुलाई जानकारी गराउनु पर्नेछ ।

(३) संस्थाको वार्षिक साधारण सभा आर्थिक बर्ष समाप्त भएको मितिले ६ महिनाभित्र सम्पन्न गरी वार्षिक प्रतिवेदनसहित् बैंकले तोकेको ढांचामा वासलात, नाफा/नोक्सान हिसाब सम्वन्धित अनुसूचीहरु तथा अन्य वित्तीय विवरणसहित गैर-बैंक व्यवस्था विभाग र गैर-बैंक निरीक्षण तथा सुपरिवेक्षण विभागमा पेश गर्नुपर्नेछ । वित्तीय बिवरणहरुमा संस्थाका अध्यक्ष, कार्यकारी प्रमुख, मुख्य लेखापाल र कोषाध्यक्ष लगाएत ५० प्रतिशतभन्दा बढी संचालकहरुले सहीछाप गरेको हुनुपर्नेछ ।

(४) राष्ट्र बैंकले तोकेको ढांचामा साधारणसभाले पारित गरेको वासलात र नाफा/नोक्सान हिसावको विवरण संस्थाले अनिवार्य रुपमा पत्रपत्रिकामा प्रकाशन गर्नुपर्नेछ ।

(५) संस्थाले वार्षिक साधारणसभा वा विशेष साधारणसभा वस्ने मितिले कम्तीमा १५ दिनअघि पर्यवेक्षकको रुपमा भाग लिन गैर–बैंक व्यवस्था विभागमा लिखित अनुरोध गर्नुपर्नेछ ।

## २६. संस्थागत सुशासन व्यवस्थासम्वन्धी निर्देशन पालना नगरेमा हुने कारवाही

संस्था वा संस्थाका संचालक/पदाधिकारी वा कर्मचारीले संस्थागत सुशासन व्यवस्थासम्वन्धी निर्देशनको पालना नगरेमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० मा उल्लिखित कुनैपनि कारवाही गर्न सकिनेछ ।

# परिच्छेद-७
# कर्जा सीमासम्वन्धी व्यवस्था

## २७. प्रतिसदस्य कर्जा सीमा व्यवस्थाः

(१) संस्थाले आफ्नो कुनै एक सदस्य वा निजको एकाघर परिवारका सदस्यलाई आफ्नो प्राथमिक पूंजीको देहायबमोजिमको निर्धारित प्रतिशतसम्म मात्र कर्जा प्रदान गर्न सक्नेछः-

(क) प्रथम पटक कर्जा लिनेलाई बढीमा ५ प्रतिशतसम्म,

(ख) दोस्रो पटक कर्जा लिनेलाई बढीमा १० प्रतिशतसम्म, र

(ग) तेस्रो पटकदेखि बढीमा २० प्रतिशतसम्म ।

(२) संस्थाले आफ्नो कुनै सदस्यलाई कर्जा प्रवाह गर्दा कुल परियोजना लागतको कम्तीमा २० प्रतिशत अंश सम्वन्धित सदस्य ऋणीलाई नै स्वपूंजी (equity) को रुपमा लगानी गर्न लगाउनु पर्नेछ ।

# परिच्छेद - ८
# ब्याजदरसम्बन्धी व्यवस्था

## २८. ब्याजदरसम्बन्धी व्यवस्थाः

(१) निक्षेपमा दिने र कर्जा सापटमा लिने ब्याजदर संस्थाको संचालक समितिले नै निर्धारण गर्न सक्नेछ । विद्यमान ब्याजदर अन्तर (Interest Rate Spread) कायम गर्नुपर्ने व्यवस्था खारेज गरिएको छ ।

(२) संस्थाले नयाँ ब्याजदर तोक्दा वा हेरफेर गर्दा र सेवा शुल्क दर तोक्दा वा हेरफेर गर्दा तत्काल र हेरफेर नगरिएको अवस्थामासमेत् प्रत्येक ६/६ महिनामा अनिवार्यरुपले राष्ट्र बैंकको गैर-बैंक व्यवस्था बिभाग र गैर-बैंक निरीक्षण तथा

सुपरिवेक्षण बिभागलाई लिखितरुपमा जानकारी गराउनु पर्नेछ । साथै सर्वसाधारण जनताको जानकारीको लागि राष्ट्रियस्तरको पत्र-पत्रिकामासमेत् प्रकाशन गर्नुपर्नेछ ।

(४) कर्जा तथा सापटमा पाकेको ब्याज नगद प्राप्तीको आधारमा अम्दानी जनाउनु पर्नेछ । नगदमा प्रप्त नभएको ब्याजलाई पाउनुपर्ने ब्याज हिसाबमा खर्च लेखी ब्याज मुल्तवि हिसाब (Interest Suspense Account) मा जम्मा गर्नु पर्नेछ ।

(५) संस्थाले संकलन गर्ने निक्षेप र प्रदान गर्ने कर्जा तथा सापटको भुक्तानीको शर्त, हर्जाना ब्याज, ब्याज पूँजीकरण आदिको प्रकृया एवम् कार्यबिधि निर्धारण वा संशोधन संस्थाको संचालक समितिले नै गर्न सक्नेछ । यस्तो प्रकृया एवम् कार्यविधि सम्वन्धमा भएको निर्णयको जानकारी बढीमा ७ दिनभित्रमा राष्ट्र बैंकको गैर-बैंक व्यवस्था बिभाग र गैर-बैंक निरीक्षण तथा सुपरिवेक्षण बिभागलाई अनिवार्यरुपमा गराउनु पर्नेछ ।

# परिच्छेद - ९
# कर्जा बर्गीकरण र कर्जा नोक्सानी व्यवस्था

## २९. कर्जा तथा सापटको बर्गीकरण र कर्जा नोक्सानी व्यवस्था:

(१) संस्थाद्वारा प्रवाहित सम्पूर्ण बांकी कर्जा तथा सापटलाई अर्धवार्षिक रुपमा देहायबमोजिम ४ बर्गमा वर्गीकरण गरी सोको लागि कर्जा नोक्सानी व्यवस्था गर्नुपर्नेछः-

| कर्जा वर्गीकरण | भाखा नाघेको अवधि | कर्जा नोक्सानी व्यवस्था |
|---|---|---|
| असल | भाखा ननाघेको र ३ महिनासम्म भाखा नाघेको | १ प्रतिशत |
| कमसल | ३ महिनाभन्दा बढी अवधिदेखि ६ महिनासम्म भाखा नाघेको | २५ प्रतिशत |
| शंकास्पद | ६ महिनाभन्दा बढी अवधिदेखि १ बर्षसम्म भाखा नाघेको | ५० प्रतिशत |
| खराव | १ वर्षभन्दा बढी अवधिले भाखा नाघेको | १०० प्रतिशत |

(२) संस्थाले उपदफा (१) बमोजिम कर्जा वर्गीकरण गरी सोको लागि सोही उपदफा बमोजिम कर्जा नोक्सानी व्यवस्था गरी प्रत्येक आर्थिक बर्षको आषाढ र पौष मसान्तको वित्तीय विवरणसंग संलग्न राखी गैर-बैंक व्यवस्था विभाग र गैर-बैंक

निरीक्षण तथा सुपरिवेक्षण विभागमा क्रमश: श्रावण र माघको १५ गतेभित्र पठाउनु पर्नेछ ।

(३) संस्थाले प्रवाह गरेको कर्जालाई सदस्य ऋणीको लिखित अनुरोधमा उचित र पर्याप्त कारण भएमा र बांकी सम्पूर्ण ब्याज चुक्ता गरेमा संचालक समितिको निर्णय अनुसार कर्जा पुनर्तालिकीकरण वा पुनर्संरचना गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम पुनर्तालिकीकरण वा पुनर्संरचना गरेको कर्जा जुन वर्गीकरणमा परेको हो सोभन्दा एकतह माथिसम्म मात्र वर्गीकरण गरी सोही अनुरुप कर्जा नोक्सानी व्यवस्था गर्नुपर्नेछ ।

तर कमसल कर्जालाई पुनर्तालिकीकरण वा पुनर्संरचना गरी असल कर्जामा वर्गीकरण गर्न पाइनेछैन । त्यस्तो कर्जालाई कमसल कर्जामा नै वर्गीकरण गरी सोको लागि १२.५ प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नु पर्नेछ ।

(५) किस्तावन्दीमा चुक्ता हुनेगरी प्रवाहित कर्जाको कुनै एक किस्ता (सांवा मात्र) तोकिएको भाखाभित्र चुक्ता नभएमा भाखा नाघेको अवधि अनुसार सो किस्तासमेत् वाँकी सम्पूर्ण कर्जा रकमलाई वर्गीकरण गर्नुपर्ने र वर्गीकरण अनुसार उपदफा (१) बमोजिम कर्जा नोक्सानी व्यवस्था गर्नुपर्नेछ ।

# परिच्छेद - १०
# लगानीसम्बन्धी व्यवस्था

## ३०. लगानी नीति तथा विधि स्वीकृत गराएर लागू गर्नुपर्ने

संस्थाले सरकारी ऋणपत्र, नेपाल राष्ट्र बैंक ऋणपत्र तथा संगठित संस्थाहरुको शेयर तथा डिबेञ्चरमा लगानी गर्ने नीति तथा विधि संस्थाको सञ्चालक समितिबाट स्वीकृत गराएर मात्र लागू गर्नुपर्नेछ।

## ३१. सरकारी ऋणपत्र र राष्ट्र बैंक ऋणपत्रमा लगानीसम्वन्धी व्यवस्था

सरकारी ऋणपत्र र नेपाल राष्ट्र बैंक ऋणपत्रमा लगानी गर्न संस्थालाई कुनै वन्देज लगाइएको छैन ।

## ३२. संस्थाले अर्को संस्थाको शेयर लिन वा सदस्य हुन नपाउने:

संस्थाले राष्ट्र बैंकको अनुमति नलिइ अर्को प्रारम्भिक संस्थाको शेयर लिन वा सदस्य हुन पाउने छैन ।

तर, जिल्ला/राष्ट्रिय स्तरको सहकारी संघ र सहकारी बैंकको सदस्य हुन वा शेयर लिन भने यस दफाले वाधा पुऱ्याएको मानिने छैन ।

## ३३. संगठित संस्थाको शेयर तथा डिबेञ्चरमा लगानीसम्वन्धी व्यवस्था

(१) संस्थाले नेपाल धितोपत्र विनिमय बजारमा सूचीकृत भइसकेको वा एक वर्षभित्र सूचीकृत हुने अवस्था भएका संगठित संस्थाको शेयर तथा डिबेञ्चरमा मात्र लगानी गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा उल्लेख भए बमोजिमको अवधिभित्र त्यस्ता शेयर तथा डिबेञ्चर धितोपत्र विनिमय बजारमा सूचीकृत नभएमा यसरी लगानी गरिएको बराबरको सम्पूर्ण रकम **लगानी समायोजन कोष** खडा गरी उक्त कोषमा जम्मा गर्नु पर्नेछ । यस्तो कोषमा रहेको रकम उक्त शेयर तथा डिबेञ्चर सूचीकत नभएसम्म अन्य कुनै प्रयोजनको लागि उपयोग गर्न पाइनेछैन ।

(३) संस्थाले कुनै एक संगठित संस्थाको शेयर तथा डिबेञ्चरमा लगानी गर्दा आफ्नो शेयरपूँजीको ५ प्रतिशतमा नबढ्ने गरी र सवै संगठित संस्थाहरुको शेयर तथा डिबेञ्चरमा बढीमा आफ्नो शेयरपूँजीको १५ प्रतिशतमा नबढ्ने गरी लगानी गर्न सक्नेछ । तोकिएको सीमाभन्दा बढी लगानी गरेको पाइएमा यसरी बढी लगानी भएको रकम पूँजीकोष गणना गर्दा प्राथमिक पूँजीबाट घटाई पूँजीकोष कायम गरिनेछ ।

(४) संस्थाले यो निर्देशन जारी हुनुभन्दा अघि उपदफा (१), (२) र (३) विपरीत हुनेगरी लगानी गरेको भए २०६१ साल आषाढ मसान्तसम्ममा यस्तो लगानीलाई यस निर्देशनको दायराभित्र ल्याइसक्नु पर्नेछ ।

## ३४. लगानीको पुनरावलोकनसम्बन्धी व्यवस्था

संस्थाले अर्धवार्षिकरुपमा आफ्नो लगानीको पुनरावलोकन गर्ने व्यवस्था गर्नु पर्नेछ । यसरी पुनरावलोकन गर्दा संस्थाको आन्तरिक लेखापरीक्षकबाट विद्यमान लगानी नीति तथा यस निर्देशन बमोजिम लगानी गरिएको व्यहोरा प्रमाणित गराई अर्धवार्षिक अवधि समाप्त भएको एक महिनाभित्र संचालक समितिबाटसमेत् स्वीकृत गराउनु पर्नेछ । यसरी संचालक समितिबाट स्वीकृत गरेको निर्णयको प्रतिलिपि प्रत्येक वर्षको फाल्गुण १५ र भाद्र १५ गतेभित्र गैर-बैंक व्यवस्था विभाग र गैर-बैंक निरीक्षण तथा सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।

## ३५. शेयर तथा डिबेञ्चरको मूल्याङ्कन

संस्थाको शेयर तथा डिबेञ्चर कारोवारलाई अर्धवार्षिक रुपमा अनुसूची १०.१ बमोजिम प्रत्येक संगठित संस्थाको अलग् अलग् छुट्याई खरिद मूल्य वा बजार मूल्यमध्ये जुन कम हुन्छ त्यसको आधारमा मूल्याङ्कन गरी आफ्नो सम्पत्तिमा देखाउनु पर्नेछ ।

तर, कुनै संगठित संस्थाको शेयर तथा डिबेञ्चरको खरिद मूल्यभन्दा बजार मूल्य कम भई फरक पर्न आएको रकमलाई नाफा/नोक्सान हिसाबमा खर्च लेखी **लगानीमा संभावित हानी वापत व्यवस्था** शीर्षकमा जम्मा गर्नुपर्नेछ ।

## ३६. सीमाभित्र ल्याउनुपर्ने समयावधि

कुनै संस्थाले यो निर्देशनले तोकेको सीमाभन्दा बढी हुने गरी लगानी गरेको भएमा त्यस्तो संस्थाले २०६१ साल आषाढ मसान्त भित्र तोकिएको सीमाभित्र ल्याउनु पर्नेछ ।

# अनुसूची - १०

## ... ... सहकारी संस्था लि.

## सरकारी ऋणपत्र र नेपाल राष्ट्र बैक ऋणपत्रमा भएको लगानी विवरण (मासिक)

## २० ......साल ............महिना

*(रु.हजारमा)*

| क्र.सं. | विवरण | रकम (रु.) |
|---|---|---|
| | | |
| | कुल | |

मिति

कार्यकारी प्रमुख

# अनुसूची - १०.१

## ... ... ... सहकारी संस्था लि.

## कम्पनीको शेयरपूँजीमा भएको लगानी विवरण (मासिक)

## २० ......साल ............महिना

*रकम (रु.)*

| क्र.सं. | कम्पनीको नाम | शेयर संख्या | परलमूल्य बजारमूल्य |
|---|---|---|---|
| | | | |
| . | कुल | | |

मिति

कार्यकारी प्रमुख

# परिच्छेद - ११
## विविध

**३७. संस्थाले पालना गर्नुपर्ने शर्तहरु :-**

(१) संस्थाले वित्तीय कारोवार, मुद्रा, कर्जा, ब्याजदर, तरलसम्पत्ति, पूँजीकोष आदिका सम्बन्धमा राष्ट्र बैंकले समय-समयमा दिएका निर्देशनहरु पालना गर्नुपर्नेछ ।

(२) संस्थाले निक्षेप संकलन प्रक्रिया, कर्जा तथा सापट प्रदान गर्ने नीति, असुली प्रकियाहरु र कार्यविधि तयार गरी यो निर्देशन लागू भएको मितिले ६ महिनाभित्र गैर-बैंक व्यवस्था विभाग र गैर-बैंक निरीक्षण तथा सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।

(३) संस्थाले राष्ट्र बैंकको पूर्वस्वीकृति लिएरमात्र आफ्नो बिनियम संशोधन गर्न पाउनेछ।

(४) संस्थाले राष्ट्र बैंकबाट पूर्वस्वीकृति नलिई शाखा/उपशाखा/प्रशाखा/सम्पर्क कार्यालय/निक्षेप संकलन केन्द्र जस्ता कुनै पनि किसिमका कार्यालय खोल्न पाउनेछैन । यसअघि जिल्ला वाहिर खोलिएका त्यस्ता कार्यालय यो निर्देशन लागू भएको मितिले २ (दुई) वर्षभित्रमा बन्द गरिसक्नु पर्नेछ ।

(५) संस्थाले शेयर सदस्यहरु निक्षेपकर्ताहरु र लगानीकर्ताहरुको हितलाई हानी नोक्सानी पुग्नेगरी कर्जा तथा सापट प्रवाह गर्नुहुँदैन ।

(६) राष्ट्र बैंकले संस्थाको जुनसुकै कार्यालयको जुनसुकै समयमा स्थलगत वा गैर-स्थलगत निरीक्षण तथा सुपरिवेक्षण गर्न गराउन सक्नेछ । बैंकबाट अधिकारप्राप्त अधिकृत तथा कर्मचारीले माग गरेको संस्थाको काम कारवाही, वहीखाता, हरहिसाव, संचालक समितिको निर्णय पुस्तिका आदि वित्तीय कारोवारहरुको विवरणहरु उपलव्ध गराउनु संस्थाका संचालक समिति लगायत सम्पूर्ण कर्मचारीहरुको कर्तव्य हुनेछ । निरीक्षण तथा सुपरिवेक्षण गर्दा आवश्यक देखिएका कुराहरुको सम्बन्धमा राष्ट्र बैंकले निर्देशन दिनसक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु सम्वन्धित संस्थाको कर्तव्य हुनेछ ।

(७) संस्थाले राष्ट्र बैंकले तोकेको ढाँचामा तोकिएको समयभित्र तथ्यांक तथा वासलात नाफा नोक्सान हिसाब र अन्य वित्तीय विवरणहरु गैर-बैंक व्यवस्था विभाग र गैर-बैंक निरीक्षण तथा सुपरिवेक्षण विभागमा पेश गर्नुपर्नेछ ।

(८) संस्था स्वयमेव बिघटन हुन पाउनेछैन । राष्ट्र बैंकको पूर्वस्वीकृति लिएर प्रचलित कानूनको रीत पुऱ्याएर मात्र बिघटन हुन सक्नेछ ।

(९) संस्थाको संचालक समितिमा कम्तीमा ७ जना सदस्यहरु हुनुपर्नेछ ।

(१०) सहकारी ऐन, २०४८ को दफा २७ अनुसार शेयर सदस्यहरुलाई लाभांशबाहेक अन्य कुनै पनि आर्थिक सुविधा प्रदान गर्न पाइने छैन । अन्य कुनै सुविधा प्रदान गर्नु परेमा राष्ट्र बैंकको पूर्वस्वीकृति लिनुपर्नेछ ।

**३८. संस्थाले देहायबमोजिमका काम गर्न पाउने छैनः-**

(१) वासलात वाहिरको कारोवार (जस्तै प्रतीतपत्र, जमानत आदी) गर्न,

(२) अधिबिकर्ष (Overdraft) कर्जा दिन,

(३) व्यापार गर्ने नियतले मालसामानहरु खरिद बिक्री गर्न वा आफ्नै कार्यालय प्रयोजनको लागि आवश्यक परेकोमा वाहेक अन्य प्रयोजनको लागि चल अचल सम्पत्ति खरिद गर्न,

(४) बिना सुरक्षण वा अपर्याप्त सुरक्षण लिई कर्जा दिन,

(५) कृषि उपज धितो लिई कर्जा दिन,

(६) सुनचाँदीको धितोमा कर्जा दिन,

(७) चल्ती खाता खोली निक्षेप स्वीकार गर्न,

(८) आफ्नै शेयरको सुरक्षणमा कर्जा दिन, र

(९) बिदेशी मुद्राको कारोवार गर्न ।

३९. चिठ्ठा वा उपहार योजनामा वन्देजः

संस्थाले कुनै पनि नाममा चिठ्ठा वा उपहार योजनाहरु संचालन गर्न पाउने छैन ।

४०. शर्तहरु हेरफेर हुन सक्नेः

दफा ३७ बमोजिमका शर्तहरु राष्ट्र बैंकले समय समयमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

४१. राष्ट्र बैंकले कारवाही गर्न सक्नेः

संस्थाले यो निर्देशन तथा शर्तहरुको उल्लंघन गरेमा वा सदस्य निक्षेपकर्ताको हितबिरुद्ध काम गरेमा वा निरीक्षण तथा सुपरिवेक्षणको सिलसिलामा मागेको कागजात विवरण वा तथ्यांक उपलब्ध नगराएमा, राष्ट्र बैंकमा पठाउनु पर्ने तथ्यांक तथा विवरणहरु

समयमा नपठाइएमा र बारम्बार गलत तथ्याक तथा विवरण पठाइएमा र निरीक्षण तथा सुपरिवेक्षणको क्रममा गलत तथा भ्रामक तथ्याक विवरण तथा सूचनाहरुप्रदान गरिएमा संस्थाको संचालक, पदाधिकारी वा कर्मचारीलाई राष्ट्र बैंकले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९९ वा दफा १०० मा उल्लिखित कुनै पनि कारवाही गर्न सक्नेछ ।

४२. खारेजी र वचाउः

(१) राष्ट्र बैंकद्वारा यसअघि संस्थालाई जारी गरिएको निर्देशन खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम जारी गरिएका निर्देशनहरु अनुरुप भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।